नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(पर्वतारोहण शाखा)

महानिर्देशक:- ५३४७०३७
प्रशासन:- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं।

पत्र संख्या:-
च.नं.:-

# प्रेस विज्ञप्ति

सन् २०२५ को वसन्त ऋतुमा अमादब्लम हिमाल आरोहणका लागि मिति २०८१/१२/२५ गते Snowy Horizon Treks & Expedition Pvt. Ltd. एजेन्सी मार्फत यस विभागको अनुमती पत्र नं: ३२ वसन्त २०८१, बाट अनुमति लिएका Snowy Ama Dablam Expedition – Spring 2025 पर्वतारोहण दलका सदस्य ६४ वर्षीय Austrian नागरिक Mr. Martin Hornegger (PP No. U7312785) ले 26th April 2025 मा अमादब्लम हिमालको सफलता पूर्वक आरोहण गरी फर्कने क्रममा सम्पर्क विहीन भई आरोहण सञ्चालक एजेन्सीको निवेदनको आधारमा इलाका प्रहरी कार्यालय, नाम्चे, सोलुखुम्बुले खोजी कार्य गर्दा दिउँसो १६:३० बजे अमादब्दलम हिमालको फेदमा मृत अवस्थमा फेला पारी पोस्टमार्टमको लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं ल्याइएको छ। विभागले मृत शरीरको व्यवस्थापनका लागि सम्बन्धित मुलुकमा फिर्ता गर्न एजेन्सीसँग निरन्तर समन्वय र सहजीकरण गरिरहेको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

निज आरोहीको खोज तथा उद्धार कार्यमा सहयोग गर्नु हुने पर्यटक प्रहरी, नेपाल प्रहरी, सम्पुर्ण आरोही एवम् शेर्पा गाइड लगायत सम्बन्धित सबैमा विभाग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

विभाग मृतकप्रति हार्दिक श्रदाञ्जली तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।

मिति:२०८२/०१/१४

ने. सं. ११४५

(हिमाल गौतम)
निर्देशक